बैठक संख्या ५

मिति २०७७।१।१८ गते श्रीमान प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

उपस्थिति:

सल्लाहाकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
३. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
४. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
५. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
६. सहायक प्र.जि.अ. श्री दिलिपप्रसाद लामिछाने, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
७. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
८. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. कोभिड १९/लकडाउनको हालको अवस्थाको समीक्षा
२. कृषि उपज विउ बिजन मल/विकास व्यवस्थापन र सहजिकरण
३. स्वास्थ्य जाचको अबस्था
४. विविध

निर्णयहरु

१. गृह मन्त्रालयको च.नं. २१३१ र च.नं. ३६८० मिति २०७७।०१।१७ को पत्रमा निर्देशन भए अनुसार पूर्ण पालना गर्ने।
२. भक्तपुर जिल्लामा लकडाउनको पालना भएको समीक्षा गर्दै जिल्ला प्रशासन कार्यालयले वितरण गरेको पहेलो पास वितरण रोकी तोकिएको मापदण्डको आधारमा ई-पासबाट मात्र सवारी अनुमति पत्र दिने।
३. भक्तपुर अस्पताल (कोभिड-१९ हब अस्पताल) बाट हिजोसम्म ५१५ जनाको परीक्षण गरिएको (PCR २०१, RDT ३१४), १३ जनाको रिपोर्ट आउन बाँकी बाहेक सवैको रिपोर्ट नेगेटिभ आएको, आइसोलेसनमा कोही नरहेको र अन्य स्वास्थ्य उपचारका सेवालाई पनि निजि तथा सरकारी अस्पतालबाट निरन्तरता दिन पहल गर्ने।
४. कृषि उपज बिक्री वितरणको लागि सो क्षेत्रमा संलग्न व्यक्तिहरूलाई सवारी पास उपलब्ध गराइएकोमा अबउप्रान्त समय तोकी मल,बिउ, कृषि उपज उपलब्ध गराउने सहकारीहरूलाई सहज रुपमा सेवा प्रवाह गर्न अनुमति दिने।
५. जिल्लाका विकास निर्माण व्यवस्थापनलाई सहज तुल्याउन स्थानीय तहसँग समन्वय गरी आवश्यक सहजीकरण गर्ने। सोको लागि बैशाख २१, २२ र २३ गते क्रमशः मध्यपुर, सुर्यविनायक र चाँगुनारायण नगरपालिकासँग छलफल गर्ने।
६. मौसमको परिवर्तनसँगै उत्पन्न हुने बाढी, पहिरो, महामारी जस्ता चुनौतीहरूको सामना गर्न सबै सरोकार निकायहरूको समन्वयमा पूर्व तयारी गर्ने।